# समृद्ध कर्णाली निर्माणका लागि प्रदेश सरकारले चाल्नुपर्ने कदम

ऋति फाउण्डेसनले गरेका विभिन्न अध्ययन तथा अनुसन्धानमा आधारित

## सुझावहरु

**पेश गरिएको**

कर्णाली प्रदेश सरकार

**पेश गर्ने**

ऋति फाउण्डेसन

२०८१ बैशाख

HRITI FOUNDATION

TOWARDS PROSPEROUS KARNALI

info@hriti.org www.hriti.org +97783521564 /hritifoundation

## १. प्रदेश संरचनालाई प्रभावकारी बनाउन नीतिगत सुधारका सुझावहरु

**क्षमता विकासका बृहत कार्यक्रम तथा योजना निर्माण**: निर्वाचित जनप्रतिनिधिहरू लगायत सरकारी कर्मचारीहरूको दक्षता, ज्ञान र सीप अभिवृद्धिमा ध्यान केन्द्रित गरी उनीहरूका लागि बृहत् तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । सरकारी कर्मचारीहरुका लागि पेशागत र प्राविधिक तालिम तथा जनप्रतिनिधिहरुका लागि कानूनी तथा प्रक्रियागत लगायतका विषयमा तालिम प्रदान गर्ने रणनीति निर्माण गरी सोहीबमोजिम काम गर्नुपर्छ ।

**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सबलीकरण**: कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रादेशिक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियामक निकायको रूपमा काम गर्ने गरी प्रभावकारी तालिम सञ्चालनको व्यवस्था गर्नुपर्छ । यसलाई सर कारी कर्मचारीहरुसँगै निर्वाचित जनप्रतिनिधिहरुलाई समेत तालिम पाठ्यक्रम र सामग्री विकास गर्नेगरी आर्थिक, प्राविधिक तथा मानव संशाधन सम्पन्न बनाउनुपर्छ ।

**राजनीतिक र प्रशासनिक स्थायित्व**: प्रदेशमा राजनीतिक तथा प्रशासनिक स्थायित्व आवश्यक छ । प्रदेश सरकारले साझा दृष्टिकोण र रणनीति निर्माण गरी विकास योजना र परियोजनाहरूलाई निरन्तरता दिन स्थायित्व कायम राख्नु अपरिहार्य छ ।

**कार्यसम्पादन मूल्यांकन**: प्रदेशमा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनलाइ कार्यालयको वार्षिक प्रगतिसँग जोड्ने व्यवस्था मिलाउन आवश्यक छ ।

**दीर्घकालीन योजनाहरु निर्माण**: प्रदेशको दीर्घकालीन विकास रणनीतिको निर्माण गर्न आवश्यक छ। दिर्घकालमा उक्त रणनीतिको प्रभावसमेत अध्ययन गरी नीतिनिर्माण गर्नुपर्छ ।

**संस्थागत प्रणालीको विकास**: प्रदेशमा राजनीतिक तथा प्रशासनिक नेतृत्व परिवर्तनबाट विकास परियोजनाहरू अवरुद्ध हुन नदिनका लागि स्वतन्त्र र स्वचालित प्रणालीको विकास गर्नुपर्छ। नेतृत्वमा परिवर्तन भए पनि प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न निकायहरुलाई सशक्त र स्थिर बनाउनु आवश्यक छ ।

**ज्ञान हस्तान्तरणको प्रणाली विकास**: अनुभवी कर्मचारीहरूले सरुवा हुँदा वा कार्यालय छोड्दा संस्थागत क्षमता र सीप जोगाउन ज्ञान हस्तान्तरण र उत्तराधिकार योजना लागू गर्न आवश्यक छ । यसले सरकारी निकायहरुको प्रभावकारी कार्यप्रणाली बनाउँदछ ।

**स्रोत परिचालन रणनीति**: प्रदेशले आन्तरिक आय बढाउनका लागि र स्रोतको समूचित परिचालन र कार्यान्वयनका लागि रणनीति बनाउनुपर्छ । सम्भावित आन्तरिक आयका स्रोतहरुको पहिचान गरी त्यसतर्फ बजेट तथा कार्यक्रम निर्माण गर्नुका साथै प्रदेशको बजेट कार्यान्वयन सुस्त हुनुका कारणहरुका लागि आवश्यक अनुसन्धान गरी समाधानका लागि रणनीति निर्माण गर्नु जरुरी छ ।

**समतामूलक स्रोत परिचालन नीति**: विकट र दुर्गम क्षेत्रहरूले स्रोतको उचित हिस्सा पाउने कुराको सुनिश्चित गर्दै कर्णालीको भूगोललाई समेट्नका लागि व्यापक र न्यायोचित स्रोत विनियोजन नीतिको विकास गर्नुपर्छ। स्थानीय समूदायहरूसँग उनीहरूको विशेष आवश्यकताहरू बुझ्नको लागि नागरिक सुझाव र नागरिक सहभागितालाई व्यापक महत्व दिन जरुरी छ ।

**स्थानीय श्रोत मूल्याङ्कन**: कर्णाली प्रदेश भित्रका प्रत्येक जिल्लामा स्थानीय स्रोत साधन, आवश्यकता र कमजोरीहरूको विस्तृत मूल्याङ्कन गर्नुपर्छ । यस मूल्याङ्कनको आधारमा स्थानीय अवस्थाहरूमा स्रोत परिचालन नीतिहरू निर्माण गर्नुपर्छ ।

**पारदर्शिता र सार्वजनिक संलग्नता**: स्रोत बाँडफाँड प्रक्रियामा पारदर्शिता अभिवृद्धि गर्नेगरी प्रणालीगत विकास गर्न आवश्यक छ । बजेट विनियोजन रणनीतिहरूमा र विश्वास निर्माण गर्न निर्णय प्रक्रियामा नागरिक संग्लग्नतालाई बढवा दिनु जरुरी छ ।

**आय स्रोतको विविधिकरण**: पर्यटन र कृषि जस्ता आन्तरिक आयका लागि सम्भावित क्षेत्रहरू पहिचान गरी कृषिभन्दा बाहिर आर्थिक विविधिकरणलाई प्रवर्द्धन गर्न जरुरी छ । लगानी आकर्षित गर्न र राजस्व आर्जनका अवसरहरू सिर्जना गर्न उचित नीतिहरू निर्माण तथा लागू गर्नुपर्छ ।

**स्थानीय राजस्व अभिवृद्धि**: कर, प्राकृतिक स्रोत व्यवस्थापन र आर्थिक विविधीकरण मार्फत् स्थानीय राजस्व वृद्धि गर्ने रणनीतिहरू विकास गर्न आवश्यक छ । जसले प्रदेशको वित्तीय स्वायत्ततालाई बढावा दिनेछ ।

**पूर्वाधारमा लगानी**ः प्रदेशमा विकास पूर्वाधारको क्षेत्रमा हुने लगानीलाई प्राथमिकता दिन आवश्यक छ। विशेष गरी दुर्गम क्षेत्रहरूमा यातायात लागत घटाउन सडकको अवस्था सुधार गर्न आवश्यक छ। यसले व्यापार, गतिशीलता र अत्यावश्यक सेवाहरूमा पहुँचलाई सहज बनाउनेछ। प्रतिकूल मौसमको समयमा पहुँच सुनिश्चित गर्न पुल निर्माणलाई प्राथमिकता दिन आवश्यक छ। सस्तो र प्रभावकारी सार्वजनिक यातायात विकल्पहरूमा लगानी गर्न जरुरी छ।

**सीप विकास र अवधारणा**ः विभिन्न क्षेत्रहरूमा दक्ष जनशक्तिहरुलाई आकर्षित गर्न र उक्त दक्ष जनशक्तिलाई काममा टिकाइराख्नका लागि आवश्यक रणनीति बनाइ सोही अनुसार काम गर्न आवश्यक छ। प्रतिभाको बहिर्गमन रोक्न र स्थानीय विशेषज्ञता निर्माण गर्न शिक्षा र प्रशिक्षण अवसरहरू प्रदान गर्न जरुरी छ।

**प्रशासनिक प्रक्रियाहरूमा सरलता**ः प्रशासनिक प्रक्रियाहरू सरल र सुव्यवस्थित गर्न आवश्यक छ। जसका लागि सूचना प्रविधिको प्रयोगमा विशेष ध्यान दिनुपर्छ।

**वित्तीय व्यवस्थापनमा सुधार**ः वित्तीय पारदर्शिता, लेखा प्रणाली, र बजेट खर्च लेखाङ्कन तथा अनुगमनमा सुधार गर्नुपर्छ।

**कार्यक्रम कार्यान्वयन क्षमता विकास**ः बजेट तथा योजना र तिनको कार्यान्वयन क्षमता बढाउन वित्तीय विज्ञहरू र प्रशासनिक कर्मचारीहरू सहितको मानव संशाधनको क्षमता निर्माणमा लगानी गर्न आवश्यक छ। उक्त प्रक्रियामा संग्लग्न जनप्रतिनिधिको क्षमता अभिवृद्धिमा समेत लगानी गर्न आवश्यक छ।

**प्राविधिक पूर्वाधार विकास**ः मोबाइल नेटवर्क कभरेज र इन्टरनेट जडान सहित आधुनिक सञ्चार सुविधाहरूको विकास र विस्तार आवश्यक छ। संकटको समयमा सरकारी निकायहरूको सकृयता अभिवृद्धि गर्न भरपर्दो सञ्चार प्रणालीहरूको स्थापना गर्नुपर्छ।

**स्थानीय तहको सेवा प्रवाह**ः जिल्लास्तरीय सेवा प्रवाह कार्यालयहरूको आवश्यकताको पुनः मूल्याङ्कन गर्ने, कार्यक्रमको दोहोरोपनलाई न्यूनीकरण गर्ने र स्थानीय स्तरका सेवा प्रवाह कार्यालयहरूलाई सुदृढ बनाउन स्रोतहरू पुनःनिर्देशित गर्नुपर्छ। नागरिकहरु प्रादेशिक सरकारबाट प्रवाह हुने सेवाबारे सचेत छन् भन्ने विषयमा सुनिश्चित हुनुपर्छ।

**नागरिक सहभागिता बृद्धि**ः प्रदेशले नीतिनिर्माणमा नागरिक सहभागितालाई ध्यान दिनुपर्छ। विशेष गरी दुर्गम र सीमान्तकृत समुदायहरूमा नागरिक संलग्नतालाई सहज बनाउनका लागि विभिन्न योजना र कार्यक्रमहरु लागू गर्नुपर्छ। लोकतान्त्रिक प्रक्रियामा नागरिकको बुझ्ने र सहभागी हुने क्षमतामा सुधार गर्न अवसरहरु बढाउनुपर्छ।

**सूचना प्रविधिको उपयोग**ः सेवा प्रवाहको लागि सूचना प्रविधिको प्रयोग सहित ई-गभर्नेन्सको लागि स्पष्ट नीति र रणनीति विकास गर्नुपर्छ। सरकारी कर्मचारीहरु, जनप्रतिनिधिहरु र जनतामा डिजिटल साक्षरता बढाउन डिजिटल साक्षरता अभियान सञ्चालन गर्नुपर्छ।

**सुशासन र जवाफदेहिता**ः भ्रष्टाचारलाई प्रभावकारी रूपमा रोक्न र सम्बोधन गर्न सुशासन र जवाफदेहिता संरचनालाई सुदृढ बनाउनुपर्छ। सार्वजनिक विश्वास अभिवृद्धि गर्न र सरकारी गतिविधिहरूको अनुगमन र मूल्याङ्कन गर्न स्पष्ट संयन्त्र स्थापना गर्न पारदर्शी नीति र अभ्यासहरू लागू गर्न जरुरी छ।

**गुनासो सुनुवाई**ः शासकीय क्षेत्रमा गुनासो र सुझाव संयन्त्रको प्रभावकारिता बढाउनुपर्छ। जनताबाट प्राप्त उजुरीहरूको समाधानमा विशेष ध्यान दिनुपर्छ। हेलो मुख्यमन्त्री लगायतका अन्य गुनासो सुनुवाई प्लेटफर्ममा गुनासो गरेपछि त्यसको नतिजाबारे नागरिक जानकार हुनेगरी प्रभावकारी बनाउन आवश्यक छ।

**गुणस्तर नियन्त्रण र सेवा सुधार**ः खानेपानी, सडक पूर्वाधार, बिजुली, सामूदायिक विद्यालय, स्थानीय सरकार, र स्वास्थ्य सेवा सम्बन्धी सेवा गुणस्तरका मुद्दाहरू सम्बोधन गर्नुपर्छ।

**नीतिगत स्पष्टता र उत्तरदायित्व**ः स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गतका उजुरीहरू सम्बोधन गर्ने जिम्मेवारीको सम्बन्धमा आवश्यक नीति निर्माण गर्नु जरुरी छ। सीमान्तकृत समूहका नागरिकहरूको गुनासो निवारण संयन्त्रहरूमा पहुँच बढाउनुका साथै उनीहरूको अधिकार सुनिश्चित गर्नेतर्फ ध्यान दिनुपर्छ।

**एकीकृत सेवाप्रवाह**ः सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी वनाउनका लागि एकीकृत सेवाप्रवाह प्रणालीको विकास गर्न आवश्यक छ।

## २. योजना तथा बजेट निर्माण एवं कार्यान्वयन सम्बन्धी सुझाव

**प्रदेश योजना आयोगलाइ सक्रिय र प्रभावकारी बनाउने**: प्रदेशका बजेट तथा आयोजना निर्माण, रणनीतिहरु निर्माण, अध्ययन तथा अनुसन्धान र अल्पकालनि तथा दिर्घकालिन योजना एवं रणनीति निर्माणका लागि प्रदेश योजना आयोगलाइ सक्रिय र प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

**प्रशासनिक क्षमता अभिवृद्धि**: कर्णाली प्रदेश सरकारले प्रशासनिक क्षमता अभिवृद्धिमा सरकारले लगानी गर्नु आवश्यक छ। यसबाट सुशासन, सेवा प्रवाहमा सुधार र श्रोतसाधनको थप प्रभावकारी उपयोग गर्न सकिन्छ।

**पुँजीगत बजेट खर्च बढाउने**: कम पुँजीगत बजेट खर्चले पूर्वाधार र विकास आयोजनाहरूमा थप लगानीको आवश्यकतालाई सङ्केत गर्छ। प्रदेश सरकारले आर्थिक वृद्धि, रोजगारीका अवसर सिर्जना गर्ने र कर्णालीका जनताको समग्र जीवनस्तरमा सुधार गर्ने आयोजनामा पुँजीगत खर्चलाई प्राथमिकता दिनुपर्छ।

**राजस्व स्रोतहरू विविधीकरण गर्ने**: संघीय अनुदानमा निर्भरताले प्रादेशिक सरकारलाई कोषमा कमजजोर बनाउँछ। कर, शुल्क, र राजस्व उत्पन्न गर्ने परियोजनाहरू जस्ता सम्भावित स्रोतहरू अन्वेषण गरेर आन्तरिक राजस्व बढाउने उपायहरू खोज्नु महत्त्वपूर्ण छ।

**बजेट कार्यान्वयनमा सुधार**: बजेटको कम खर्च दर चिन्ताको विषय हो। प्रदेश सरकारले आफ्नो बजेट कार्यान्वयन प्रक्रियामा सुधार गर्न, छुट्याइएको रकमको प्रभावकारी उपयोग सुनिश्चित गर्न र तोकिएको समयसीमाभित्र आयोजनाहरू सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ।

**वित्तीय व्यवस्थापनलाई सुदृढ गर्ने**: कर्णाली सरकारले बजेटको प्रभावकारी व्यवस्थापन गर्न र वित्तीय प्रगति बढाउन वित्तीय व्यवस्थापन अभ्यासलाई बढाउनुपर्छ। यसका लागि पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सुधारिएको बजेट योजना, अनुगमन र मूल्याङ्कन आवश्यक छ।

**निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने**: आर्थिक बृद्धिलाई प्रोत्साहन गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारले सहयोगी नीति, प्रोत्साहन र अनुकूल व्यापार वातावरणको माध्यमबाट निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्नुपर्छ।

**कम खर्च भएका अनुदानहरूलाई प्राथमिकता**: खर्च नगरिएका सशर्त अनुदानहरूले उपलब्ध रकमको उपयोगमा असक्षमता देखाउँछन्। सरकारले विनियोजन गरेको अनुदानलाई प्रदेशको विकास प्राथमिकतासँग मिल्ने आयोजनामा प्रभावकारी र प्रभावकारी रूपमा प्रयोग गर्न प्राथमिकता दिनुपर्छ।

**सहकार्य र समन्वय**: प्रदेश सरकारले दिगो विकासका पहलका लागि स्रोत र विशेषज्ञताको उपयोग गर्न संघीय सरकार, स्थानीय सरकार र विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्नुपर्छ।

**दीर्घकालीन योजना र भिजन निर्माण**: कर्णाली सरकारले प्रदेशको विकासका लागि स्पष्ट भिजनसहित बृहत् र दीर्घकालीन विकास योजना बनाउनुपर्छ। यसले प्रभावकारी स्रोत बाँडफाँड र नीति कार्यान्वयनको लागि मार्गीचत्र प्रदान गर्नेछ।

**आयोजना छनोट मापदण्ड निर्माण**: कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन तथा योजना छनोटका मापदण्डहरुलाई व्यवहाहारिक र प्रतिफलमुलक बनाउनका लागि बजेट निर्माणका स्पष्ट मापदण्डहरु र चरणहरु निर्धारण गर्न आवश्यक छ। प्रदेशमा आयोजना बैंकको अवधारणालाई प्रभावकारी बनाइ आयोजना बैंकका योजनाहरुलाई मात्रै बजेटमा समावेश गर्ने नीति लिनुपर्ने देखिन्छ। बजेट निर्माण प्रक्रियामा राजनीतिक हस्तक्षेप कम गर्नका लागि यसले भूमिका खेल्न सक्छ। बजेट निर्माण प्रक्रियामा राजनीतिक हस्तक्षेपलाई न्यूनीकरण गर्नका लागि योजनाहरू राजनीतिक स्वार्थभन्दा पनि वास्तविक विकास आवश्यकताहरूमा आधारित छन् भनी सुनिश्चित गर्न उपायहरू अपनाउनु पर्छ।

**बजेट कार्यान्वयन कार्यतालिका**: बजेट निर्माण र कार्यान्वयनका लागि स्पस्ट समय तालिका र समयसिमा बनाइ कार्यान्वयन गर्ने परिपाटीको विकास गर्न आवश्यक देखिन्छ।

**अधिकतम वित्तिय संघीयताको वकालत र कार्यान्वयनः** प्रदेशले अधिकतम वित्तिय संघीयताको वकालत र कार्यान्वयन गर्न आवश्यक देखिन्छ। त्यसका लागि आवश्यक कानून निर्माण र संघीय सरकारसँग अनुरोध गर्ने वा माग गर्नेसम्म गर्न आवश्यक देखिन्छ।

**सुव्यवस्थित खरिद प्रक्रिया तथा विधिः** अनियमितता र भ्रष्टाचार रोक्न स्थानीय सरकारको खरिद प्रक्रियालाई सुव्यवस्थित र सुधार गर्ने। खरिद निर्णयहरूमा पारदर्शिता र जवाफदेहितालाई जोड दिन आवश्यक छ। खरिद निर्णयमा दक्षता अभिवृद्धि गर्न डिजिटल उपकरणहरू लागू गर्न आवश्यक देखिन्छ। कर्णाली प्रदेशको विशिष्ट आवश्यकता र विशिष्ट परिस्थितिलाई सम्बोधन गर्ने प्रादेशिक खरिद नियमावलीको निर्माण र कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

**प्रभावकारी बजेट कार्यान्वयन रणनीतिः** कर्णाली प्रदेशले स्थापनायता नै न्यून पुँजीगत बजेट कार्यान्वयनको समस्या भोग्दै आएको छ। यसका लागि रणनीति र संस्थागत क्षमता विकास गरी काम गर्न आवश्यक छ। प्रभावकारी बजेट कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्न बलियो प्रणालीको विकास र कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**विकास आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारणः** प्रदेशको विकास आवश्यकताहरूसँगको वास्तविक सान्दर्भिकताका आधारमा आयोजनाहरूलाई प्राथमिकता दिने थप सन्तुलित वितरण सुनिश्चित गर्न स्रोत बाँडफाँडका मुद्दाहरूलाई सम्बोधन गर्न आवश्यक छ। बजेट तथा कार्यक्रम बन्नुअघि आवश्यकता मुल्यांकन नहुनु एउटा चुनौति हो। कुनैपनि कार्यक्रम तथा योजनाको लागि बजेट बन्नुअघि यसप्रकारको आवश्यकता मुल्यांकन गरी दीर्घकालीन प्रभाव अध्ययन हुनुपर्छ। तथ्य र अनुसन्धानमा आधारित नीति निर्माण र कार्यक्रमहरू नबन्नाले ती कार्यक्रमहरूको कार्यान्वयनसमेत प्रभावकारी नभएका थुप्रै उदाहरणहरू कर्णाली प्रदेशमा छन्।

**बजेट विनियोजन सीमाः** प्रदेशले बजेट निर्माणका लागि बजेट कुन सिमासम्म विनियोजन गर्ने, कसरी गर्ने र आयोजना छनोटका लागि मापदण्ड यो हुन्छ र यो विधिबाहिर बजेट विनियोजन हुँदैन भन्ने खालको स्पस्ट मापदण्ड नहुनु पनि समस्या छ (जस्तै प्रदेशले ३ करोडभन्दा माथिका योजनाका लागि मात्रै बजेट विनियोजन गर्न सक्छ)। बजेट विनियोजन र निर्माणका क्रममा जनप्रतिनिधि र कर्मचारीबीच समधुर सम्बन्ध नभएमा पनि यसले बजेट विनियोजनमा असर गर्ने देखिन्छ। किनभने बजेटको निर्माणमा प्रक्रियागत व्यवस्थापनमा मुख्य जिम्मेवारी कर्मचारीहरूको हुन्छ। त्यसैले कर्मचारी जनप्रतिनिधिबिच साझा बुझाइ आवश्यक छ। बजेट निर्माणको लागि कार्ययोजना आवश्यक हुन्छ। कार्ययोजना निर्माण गरी सोहिअनुसार चलेमा प्रभावकारी कार्यसम्पादन हुने देखिन्छ। स्थानीय तहसँग समन्वय गरी ससाना योजना स्थानीय तहलाई दिन सकिन्छ। प्रदेश सरकारले मझौला खालका योजनाहरू बजेटमा राख्न सक्छ। आयोजनाको संख्या धेरै हुनु पनि बजेट निर्माण प्रक्रियाको चुनौति हो। तीन तहका सरकारबीच प्रभावकारी समन्वय नहुनुले आयोजनाहरूको डुप्लिकेसन हुने समस्या देखिएको छ। यसका लागि प्रभावकारी समन्वय संयन्त्र र विधिको विकास गर्न आवश्यक देखिन्छ। यसले आयोजनाको डुप्लिकेसनजस्ता समस्या कम गर्न सक्छ।

**बजेट पूर्वतयारी र पर्याप्त अध्ययनः** बजेट निर्माण चरणकै अर्को एक चुनौति भनेको पूर्वतयारी र पर्याप्त अध्ययन नहुनु पनि हो। प्रदेशले निर्माण गर्ने बजेटका लागि धेरै मात्रामा पूर्वतयारी हुनुपर्ने हो तर त्यो देखिँदैन। बजेटमा समावेश हुने योजना तथा कार्यक्रमहरूको दीर्घकालीन अध्ययन हुन जरुरी हुन्छ। प्रदेश योजना आयोगलाई यस प्रयोजनको सक्रिय भूमिका दिन आवश्यक छ। प्रदेश सरकारले बजेट निर्माण प्रक्रियामा सरोकारवालाको सुझावहरू समेट्न आवश्यक हुन्छ। यसका लागि विभिन्न स्थानमा र विभिन्न सरोकारवालाहरूसँग पूर्वबजेट छलफल गरी त्यसका सुझाव लिन सकिन्छ। निजी क्षेत्रलाई पनि बजेट निर्माण प्रक्रियामा संग्लन गराइ सुझाव र अपेक्षाहरू सुन्न आवश्यक हुन्छ।

**बजेट निर्माण प्रक्रियाबारे नागरिक सचेतनाः** बजेट निर्माण प्रक्रियाबारे नागरिकहरूलाई सचेत गराउनु पनि अर्को महत्वपूर्ण काम हो। उनीहरूको बुझाइअनुसार नै उनीहरूको अपेक्षा निर्माण हुने हो। बजेटलाई सामूहिक अपनत्व हुनेगरी निर्माण गर्नका लागि विधिको विकास गर्नु सबैभन्दा महत्वपूर्ण हो। जसले गर्दा राजनीतिक र प्रशासनिक अस्थिरताले समेत असर गर्न नसकोस्। प्रदेशको दीर्घकालीन विकास रणनीतिको निर्माण गर्न आवश्यक छ। दीर्घकालमा उक्त रणनीतिको प्रभावसमेत अध्ययन गरी नीतिनिर्माण गर्नुपर्छ। प्रदेशमा राजनीतिक तथा प्रशासनिक नेतृत्व परिवर्तनबाट विकास परियोजनाहरू अवरुद्ध हुन नदिनका लागि स्वतन्त्र र स्वचालित प्रणालीको विकास गर्नुपर्छ। नेतृत्वमा परिवर्तन भए पनि प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न निकायहरूलाई सशक्त र स्थिर बनाउनु आवश्यक छ।

## ३. उद्यमशीलताको विकास तथा रोजगारी वृद्धि

- उद्योग तथा व्यवसाय र नीजि क्षेत्रसँग सम्बन्धित विधेयकहरु प्रदेश सरकारले प्राथमिकता दिन जरुरी छ।
- उद्योग व्यवसायका लागि सिपयुक्त जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा देखिन आएकोले यसलाइ समाधान गर्न उपयुक्त र ठोस नीति बनाउन जरुरी देखिन्छ।
- कर तिर्ने प्रशासनको कारणले गर्दा व्यवसायीहरुले चुनौती सामना गर्नपर्ने देखिएकोले यसको समाधानका लागि सहज कर तिर्ने प्रणाली ल्याउन जरुरी देखिन्छ।
- सार्वजनिक सेवाप्रवाहलाई सकेसम्म धेरै डिजिटल र अनलाइन बनाएमा सेवाग्राहीको लागत र समयको बचत हुने देखिन्छ।
- व्यवसाय दर्ता गर्नका लागि लामो प्रक्रिया पुरा गर्नपर्ने र धेरै दिन लाग्ने प्रणालीलाई सेवाप्रवाह छिटोछरितो बनाउन जरुरी देखिन्छ। व्यवसाय सुरु गर्न र सञ्चालन गर्नका लागि नियमहरू र प्रक्रियाहरूलाई सरल र सरल बनाउनुपर्ने देखिन्छ।
- नीतिनिमर्माणका क्रममा कणर्णाली प्रदेश सरकारले सरोकारवाला र नीजि क्षेत्रलाइ सहभागी गराइ राय लिन आवश्यक देखिन्छ।
- प्रदेश सरकारले प्रदेशमा आवश्यक उद्योगसम्बन्धी नीतिहरु प्राथामिकताका साथ निर्माण गर्न आवश्यक देखिन्छ।
- उद्योग व्यवसायसँग सम्बन्धित सेवा प्रवाह गर्ने निकायमा कर्मचारी अभावको समस्यालाई प्रदेश सरकारले यथाशीघ्र समाधान गर्न आवश्यक छ।
- श्रमशक्तिको गुणस्तर सुधार गर्न र प्रदेशमा नयाँ व्यवसायहरू आकर्षित गर्न पूर्वाधार र शिक्षामा लगानी गर्न आवश्यक छ।
- नयाँ उद्यमीहरूलाई सहयोग, स्रोत र सल्लाह प्रदान गर्नका लागि प्रदेश सरकारले काम गर्नेपर्ने देखिन्छ।
- उद्यमीहरूलाई व्यवसाय सुरु गर्न र बढाउन आवश्यक सीपहरू विकास गर्न मद्दत गर्न प्रशिक्षण र स्रोतहरू प्रदान गर्नका लागि प्रदेश सरकारले काम गर्नपर्ने देखिन्छ।
- व्यवसायहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्न सरकार, निजी क्षेत्र र नागरिक समाज बीचको सहकार्यलाई वृद्धी गर्नेपर्ने देखिन्छ।
- नयाँ प्रविधि, अनुसन्धान र विकास, वा प्रशिक्षण कार्यक्रमहरूमा लगानी गर्ने व्यवसायहरूलाई कर प्रोत्साहन र अन्य वित्तीय लाभहरू प्रदान गर्न जरुरी देखिन्छ।
- हालको परिवेशमा व्यवसायिक वातावरणमा नकरात्मक असर गर्ने नीतिहरुलाई शंसोधन गर्न आवश्यक छ।
- कर्णालीमा जडीबुटीको व्यवसायमा लगानीलाई आकर्षित गर्नको लागि सार्वजनिक निजी साझेदारीको अवधारणा निकै प्रभाकारी हुनसक्छ। यो अवधारणाले निजी क्षेत्र र सार्वजनिक क्षेत्रबीच व्यवसायका जोखिम वितरण गर्न पनि मद्दत पुर्याउँछ।
- प्रदेश तहले व्यवसायको दर्ता प्रक्रियालाई सहज बनाउने, कर तिर्ने प्रक्रियालाई सरल बनाउने, बिजुली तथा पानीको प्राप्तीको लागि प्रक्रिया सहज, सरल र कम खर्चिलो बनाउने तथा निजी लगानीकर्तालाई व्यवसायिक प्रयोजनाको लागि जग्गा उपलब्ध गराइदिने गरी नीतिहरुको निर्माण गर्न आवश्यक देखिन्छ।कर्णाली प्रदेशमा जडीबुटीको सम्भावनालाई यथार्थमा ल्याउनका लागि पनि कर्णाली प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको जडीबुटी प्रशोधन केन्द्रको आवश्यकता रहेको छ जसले गर्दा जडीबुटी व्यवसायमा लाग्ने विभिन्न अन्य लागत घटाउन मद्दत पुग्नेछ।
- कर्णाली प्रदेश सरकारले जडीबुटीको क्षेत्रमा दीर्घकालीन खेती प्रणालीको विकास गर्ने गरी नीति ल्याउन आवश्यक छ साथै यस क्षेत्रमा पर्याप्त अध्ययन अनुसन्धान पनि गर्न आवश्यक छ।
- कर्णाली प्रदेशका उच्च हिमाली क्षेत्रमा धेरै नांगा डाँडाहरु छन् जहाँ ठूला-ठूला रुखहरु छैनन्, स्थानीयहरुको स्वामित्व छैन र ती जग्गा खाली रहेको छ। त्यस्तो जग्गामा जडीबुटीको खेतीको लागि सरकारले स्थानीयहरुले अनुमति र प्रोत्साहन दिन आवश्यक छ।

## ४. कम्पनी प्रशासन सेवाको विकेन्द्रीकरण

- कम्पनी स्थापना देखि बन्दसम्मका सम्पूर्ण प्रशासनिक कार्यहरुका लागि हाल अनिवार्य संघीय राजधानी काठमाडौं जानुपर्ने बाध्यता रहेकोले कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रवाह हुने सेवालाई विकेन्द्रीकरण गरी कर्णाली प्रदेशमा समेत कार्यालय स्थापना गरी सञ्चालन गर्नुपर्छ ।
- कम्पनी प्रशासन नेपालको संविधानमा संघ र प्रदेशको साझा अधिकार अन्तर्गत पर्ने भएकाले प्रदेश सरकारले संघीय सरकारलाई कम्पनी ऐन संशोधनका लागि अनुरोध गर्नुपर्छ । साथै संघीय सरकारसँगको समन्वयमा प्रदेश सरकारले आफ्नै कम्पनी ऐन जारी गरी कम्पनी प्रशासन सम्बन्धी सेवाप्रवाह गर्नुपर्छ ।
- कर्णाली प्रदेशमा न्यून कम्पनी संस्थापना हुनुको कारणबारे अध्ययन गरी कम्पनी दर्ताको संख्या बढाउन कम्पनी प्रशासन सम्बन्धी प्रकृयालाई सहज बनाउनुका साथै सहुलियत तथा घुम्ती सेवा सञ्चालन गर्नुपर्छ ।
- कर्णाली प्रदेशमा उद्योगको संख्या बढाउन तथा उद्यमीमैत्री वातावरण सिर्जना गर्न संघीय तथा प्रदेश सरकारहरुले विशेष अभियान सञ्चालन गर्नु जरुरी छ ।

## ५. नीति तथा कानून निर्माण

- संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने प्रदेशका एकल अधिकार अन्तर्गतका कानूनहरु तिब्र गतिमा निर्माण गर्न आवश्यक देखिन्छ । स्थानीय तहसँग प्रदेशका साझा अधिकार रहेका क्षेत्रका कानून निर्माणलाइ पनि प्राथामिकता दिन आवश्यक छ । कानून बनाउँदा नागरिक सहभागितालाइ सुनिश्चित गर्न आवश्यक छ । नीति निर्माण गर्दा प्रमाणमा आधारित हुनुका साथै दीर्घकालीन प्रभाव हेर्नु आवश्यक हुन्छ ।
- संघीय सरकारसँग साझा अधिकार रहेका विषयका कानून निर्माण गर्नका लागि संघीय सरकारलाइ अनुरोध गर्ने र दवाव दिन आवश्यक छ ।
- बनिसकेका कानूहरुको प्रभावकारी कार्यान्वयन वा त्यसको प्रभावकारीता अधेययन र आवश्यकताका आधारमा परिमार्जन र संशोधनका लागि **उत्तर विधायिकी परीक्षण** (Post Legislative Scrutiny) आवश्यक देखिन्छ ।
- नीतिनिमार्णमा युवा सहभागिताका लागि प्रदेश सभा, संसदीय समितिसँग काम गर्ने अवसर सिर्जना गर्न आवश्यक देखिन्छ । यसका लागि युवा, नितिनिर्माणमा युवा सहभागिता लगायतका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुसँग समन्वय गर्दा प्रभावकारी हुनसक्छ ।

## ६ पूर्वाधार तथा विकास

- सुर्खेत विमानस्थललाई प्रदेशस्तरको सुविधा सम्पन्न र सहज हवाइ उडान हुने विमानस्थलको रुपमा विस्तार गर्न संघीय सरकारसँग समन्वय गरी काम गर्न आवश्यक छ ।
- कर्णाली राजमार्गलाई सहज यात्रा गर्ने मार्ग बनाउनका लागि कर्णाली प्रदेश सरकारले विशेष पहल गर्नुपर्ने । विशेषगरी सुर्खेतदेखि रारा जोड्ने सडक निर्माणलाई प्रमुख प्रथमिकता दिई धेरैभन्दा धेरै पर्यटक भित्राउन पहल गर्ने ।
- कर्णालीको विकासका लागि ठूला र प्रभावकारी आयोजनाहरुको अध्ययन तथा विश्लेषण गरी त्यसमा सरकारी तथा गैरसरकारी लगानीको स्रोत सुनिश्चितताका लागि संघीय सरकार, विकास साझेदार र निजी क्षेत्रसँग समन्वय गर्ने ।
- कर्णालीका सबै इलाकामा सहज विद्युत र इन्टरनेट तथा टेलिफोन र अन्य विकासका पूर्वाधारहरुको उपलब्धताका लागि संघीय सरकार, विकास साझेदार र निजी क्षेत्रसँग समन्वय गर्नुपर्ने ।

## ऋति फाउण्डेसनबारे

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो। स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली प्रदेशको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ। विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ।

फाउण्डेसनले **कर्णाली उत्सव**..**कुडा कर्णालीका**, कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहेको छ। यसले वाक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकारको पक्षमा वकालत गर्छ।

फाउण्डेशनले आर्थिक, सामाजिक, नीतिगत बहस पैरवीका साथै अनुसन्धानमुलक छलफल पत्र, अनुसन्धानमुलक प्रकाशन र तीनको आधारमा अनुसन्धानमुलक लेख सामाग्री समेत प्रकाशन गर्दै आएको छ। फाउण्डेसनले अनुसन्धान, बहस र पैरवीलाई मुख्य प्राथामिकता दिन्छ।

HRITI FOUNDATION

TOWARDS PROSPEROUS KARNALI

**ऋति फाउण्डेसन**
वीरेन्द्रनगर, सुर्खेत।

फोन ०८३५२१५६४, ९८५८०३४४२६
ईमेलः info@hriti.org
वेवसाइटः www.hriti.org